द्वारिकलाल चौधरी
प्रमुख
इटहरी उपमहानगरपालिका

Dwarik Lal Chaudhary
Mayor

# प्रेस विज्ञप्ती

आदरणीय सञ्चारकर्मी मित्रहरु,

मिति २०७६/२/८ गते म उपमहानगरको काममा अत्यन्त व्यस्त थिएँ । जनता पार्क निर्माणको लागि डिभिएम स्कुलका संचालकसँग छलफल, घरनक्सा शाखाका प्राविधिकहरुसँग छलफल, वडा सचिवहरुलाई निर्देशन, संचारकर्मीसँग सम्वाद लगायत यी सबै परिस्थितिले तनावपूर्ण स्थिती बन्न गएको थियो । सोहि परिस्थितिमा भएको कुराकानीका क्रममा पत्रकार मित्रहरुको भावनामा पुग्न गएको चोट प्रति दुःख व्यक्त गर्दछु । मेरो पत्रकार मित्रहरुको भावनामा चोट पुऱ्याउने कुनै मनसाय छैन र रहने पनि छैन । यस घटनाले आगामी दिनमा हामी सबैलाई थप परिमार्जित र परिस्कृत हुँदै जाने कुरामा सहयोग पुऱ्याउने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

हामी सबै मिलेर संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । लोकतन्त्रमा संविधानको सर्वोच्चता कानुनी राज्य, प्रेस स्वतन्त्रता, वाक स्वतन्त्रता, नागरिकको मौलिक सूचनाको हक, आवधिक निर्वाचन जस्ता महत्वपूर्ण बिषयको ग्यारेन्टी गरिएको हुन्छ । यी सबै कुरा प्रति हामी सबै संबेदनशील छौं । अझ राज्यको चौथो अंग प्रेस प्रति सम्मान व्यक्त गर्न चाहन्छु । उपमहानगर भ्रष्टाचार निर्मूल पार्ने अभियानमा छ । यो अभियानमा सञ्चार जगत लगायत सबैबाट सहयोग र समर्थनका लागि हार्दिकता पूर्वक आव्हान गर्न चाहन्छु । इटहरीको सम्वृद्धि र विकास अनि यहाँका जनताको अनुहारमा मुस्कान र घर आँगनमा खुशियाली ल्याउने बाहेक हाम्रो कुनै स्वार्थ छैन । यो अभियानलाई सफल वनाउन सञ्चारक्षेत्रको महत्वपूर्ण भूमिका रहने अपेक्षा छ । हामी सँगसँगै हातमा हात साथमा साथ मिलाउदै सम्बृद्ध इटहरी वनाउने अभियानमा अघि वढौं । हरेक काम जनतालाई सम्झेर जनताकै लागि गरौं भन्ने आग्रह गर्न चाहन्छु ।

मिति - २०७६/०२/१२

......................
द्वारिकलाल चौधरी
प्रमुख

द्वारिकलाल चौधरी
नगर प्रमुख